# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश नेपाल

प्रथम पटक प्रकाशित मिति : २०७६।०६।१४

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको निर्णयअनुसार रत्ननगर बकुलहर अस्पतालमा तपसिल बमोजिमको पद र संख्यामा सेवा करारमा कर्मचारी राख्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको सामान्य प्रशासन उपशाखामा दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| विज्ञापन नं | पदको नाम | संख्या | परीक्षा मिति |
|---|---|---|---|
| ४-२०७६/०७७ | मेडिकल अधिकृत आठौं तह | २(दुई) | २०७६।०६।३० |
| ५-२०७६/०७७ | स्टाफ नर्स पाचौं तह | ४(चार) | २०७६।०६।३० |

१ **परीक्षाको किसिम :** मेडिकल अधिकृत आठौं तह को हकमा अन्तर्वार्ता र स्टाफ नर्स पाचौ तहको हकमा लोकसेवा आयोगको पाठ्यक्रम अनुसार ।

२ **परीक्षा केन्द्र :** नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

३ **दरखास्त दस्तुर :** मेडिकल अधिकृत आठौं तह पदको लागि रु. १,०००/- र स्टाफ नर्स पाचौं तह पदको लागि रु. ५००/- मात्र ।

४ **दरखास्त बुझाउने अन्तिम मिति :** २०७६।०६।२८ सम्म ।

५ **उम्मेदवारको उमेरको हद :** मेडिकल अधिकृत आठौं तहको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र स्टाफ नर्स पाचौं तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

६ **पेश गर्नुपर्ने कागजातहरु :** नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता, सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव लगायतका कागजातहरु ।

७ **पदमा रही गर्नुपर्ने कामको विवरण :** स्थानीय तहको कानून र रत्ननगर बकुलहर अस्पतालबाट तोकिएको कार्यविवरण बमोजिम ।

८ **आवश्यक न्युनतम योग्यता :** लोक सेवा आयोगले तोके अनुसार ।

९ **पाठ्यक्रम :** मेडिकल अधिकृत आठौं तहको लागि अन्तर्वार्ता र स्टाफ नर्स पाचौं तहको लागि लोक सेवा आयोगले तोके अनुसार ।

१० **तलब तथा सेवा सुविधा :** कार्यालयले तोके अनुसार ।

११ **दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :** रत्ननगर नगर कार्यपालिकाको कार्यालय, सामान्य प्रशासन उपशाखा ।

**नोट : पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।**

टुवराज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np